# *'Unspoken Words'* Clarkston HS का विद्यार्थीको पहिलो प्रकाशित पुस्तक बनेको छ; अहिले Amazon मा उपलब्ध

Clarkston High School की सिनियर Kira Farris ले केही वर्षहरू अगाडि कुनै केटासँग अप्ठ्यारो परिस्थिति सामना गरिरहेको समयमा, आफ्नो रिसलाई र अन्य भावनाहरूलाई कविता लेखनमा बदल्ने निर्णय लिएकी थिइन् ।

*The Unspoken Words* आठ अध्यायहरूको साथमा 101 पृष्ठ भएको काव्य पुस्तक हो जसले टुटेको मुटु, काम, र आत्म-खोजका शीर्षकहरूको बारेमा अन्वेषण गर्छ ।यो डिसेम्बर 26, 2023 मा प्रकाशित भएको थियो ।

"यी कविताहरूले म सानो छदाँको कथा र म कसरी कठिन परिस्थितिमा पुगे र एक मूर्ख केटाले मलाई मेरो चरित्रबाट बाहिर निकाल्दै कसरी मेरो समर्थन प्रणालीबाट अलग बनाइ दियो भनेर बताउँछन्," Kira ले भनिन् । "राम्रो कुरा यो हो कि म यो कुरा याद गर्न सक्छु र आफैलाई माथि लैजान सक्छु । मेरी आमा, हजुरआमा र परिवार र साथीहरूको सहयोगले मै ती सबै चोटहरू भुल्न सकैँ" ।

Clarkston High ले Kira को उपलब्धिको सम्मान गर्न फेब्रुअरी 29 मा विद्यालयको मिडिया सेन्टरमा पुस्तक हस्ताक्षर तथा भेटघाट कार्यक्रम आयोजना गरेको थियो । उनले आफ्नो पुस्तकको बारेमा प्रश्नोत्तर सत्र पनि सञ्चालन गरिन् र नयाँ लेखकको रूपमा आफ्नो प्रेरणा र यात्राको बारेमा बताइन् । उनले विद्यार्थी, संकाय र कर्मचारी सदस्यहरूका लागि आफ्नो पुस्तकको प्रतिलिपिमा हस्ताक्षर पनि गरिन् । Kira ले प्रकाशित लेखक भएकोमा आफ्नो उत्साह र डर प्रकट गरिन् ।

"मैले सुरुमा यी कविताहरू प्रकाशित गर्ने सोच नै बनाएको थिइन् । साँच्चिकै भन्नु पर्दा, मैले आफ्ना विचारहरू कागजमा उतार्न किताब लेखको थिए, र म मेरो जीवनको त्यो अध्याय बन्द होस् भन्ने चाहन्थे," Kira ले भनिन्। "जब मैले पुस्तक प्रकाशित गरैँ, मलाई लाग्यो कि मेरो कथाले अरू कसैलाई सहयोग गर्न सक्छ ।"

Kira तीन वर्ष देखि लेख्दै आएकी छिन् र उनलाई *The Unspoken Words* लेख्न लगभग एक वर्ष लागेको थियो ।उनले आफैँले निःशुल्क रूपमा पुस्तक प्रकाशित गर्ने Amazon KDP मार्फत आफ्नो पुस्तक प्रकाशित गरिन् ।अहिलेसम्म, उनको 32 पुस्तकहरू बिक्री भइसकेको छ ।

मानिसहरूले वास्तवमा मेरो पुस्तक पढिरहेका छन् भन्ने कुरा थाहा पाउँदा मलाई राम्रो लाग्छ किनभने यसले मलाई कसैले मेरो कथा सुनेको छ भनेर थाहा दिन्छ," उनले भनिन्। "म मेरो स्कूल प्रति धेरै आभारी छु, विशेष गरी सुश्री Harden प्रति, किनकी मैले मेरो पुस्तकको बारेमा स्कूललाई बताउन चाहेको थिइन। जब सुश्री Harden ले थाहा पाउनुभयो, उनले भनिन् कि हामीले पुस्तक हस्ताक्षर कार्यक्रम गर्नु पर्दछ र सबै तयार भए।"

Clarkston High School पुस्तकालयका मिडिया विज्ञ र साथै प्रकाशित लेखक Tracie Harden ले Kira को उपलब्धिका लागि खुसी अभिव्यक्त गरिन् र उनको प्रशंसा गर्न चाहिन्।

"उनी विनम्र भए पनि, यो केही ठूलो छ," सुश्री Harden ले भनिन्। "उनले आफैं पुस्तक प्रकाशित गरेकी हुन्, र उनी आफ्ना शब्दहरू कागजमा उतार्न र अरू सबैसँग साझा गर्न निडर र साहसी थिइन्।"

Kira लाई भविष्यमा थप पुस्तकहरू लेख्न मन छ। तर, अहिले उनी पढाइ तर्फ समर्पित छिन्। उनी फोरेन्सिक फोटोग्राफर बन्ने लक्ष्य राख्दै फोरेन्सिक विज्ञान मुख्य विषय राखेर Savannah State University मा उपस्थित हुनेछिन्। Kira ले उनको पुस्तकले मूल्यवान् पाठ सिकाउन खोजेको छ भनेर भनिन्।

“मलाई आशा छ कि सबैले आफ्नो मूल्य जान्नु पर्दछ,” Kira ले भनिन्। "किनभने कुनै एक व्यक्तिको मूल्य आफू बाहेक अरू कसैले पनि मापन गर्नु हुँदैन,”

पुस्तक हस्तारक्षर कार्यक्रमको फोटोहरू हेर्न, यहाँ क्लिक गर्नुहोस्।

XXX